# सञ्चार माध्यममा प्रकाशित बालबालिका सम्बन्धी विभिन्न घटनाहरूको वार्षिक स्थिति विश्लेषण

## आ. व. २०७४/७५


नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**केन्द्रीय बाल कल्याण समिति**

हरिहरभवन, ललितपुर

फोन नं.:- ०१-५०१००४५/४६

Website:- www.ccwb.gov.np

Email:–contact@ccwb.gov.np

E-Portal:- childrights.gov.np

## पृष्ठभूमि

केन्द्रीय बाल कल्याण समितिले आ.व. २०७२/७३ देखि विभिन्न सञ्चार माध्यमबाट प्रकाशनमा आएका बालबालिका सम्बन्धी विभिन्न घटनालाई विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ । सूचना तथा प्रविधिमा सर्वसाधारणको पहुँचसँगै बालअधिकार हननका घटनाहरुलाई सञ्चार माध्यमले प्राथमिकता साथ प्रकाशन गर्नुलाई समितिले स्वागत र प्रशंसा गरेको छ । भौगोलिक विकटता र सामाजिक परिवेशका कारण अझै पनि कतिपय घटनाहरु प्रकाशनमा आउन सकेका छैनन् । बालबालिकाको विषय धेरै पक्षहरुसँग गाँसिने भएकाले घर परिवारदेखि संघ संस्था एवम् सरकारी निकाय लगायत सिंगो समाज अझ बढी संवेदनशील र सजग हुन आवश्यक छ । केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको जानकारीमा आएका र विभिन्न सञ्चार माध्यमबाट प्रकाशनमा आएका खासगरी बाल संरक्षणसँग सम्बन्धित आ.व. २०७४/७५ का घटनाहरुलाई समेटेर यो जानकारी पत्र तयार पारिएको छ । प्रकाशनमा आएका यी घटनाहरुले नेपालमा बालबालिका विरुद्धको हिंसा, दुर्व्यवहार, शोषण लगायतको बालअधिकारको अवस्थालाई प्रस्तुत गरेको छ । तर बालबालिका विरुद्ध भएका घटनाहरु यतिमात्र हुन भन्ने निष्कर्ष चाँही यो पत्रको होइन । यस पत्रमा विश्लेषण गर्न समेटिएका विषयहरु बाल श्रम, बलात्कार, मृत्यू, बाल विवाह, हत्या, बालबालिकाको बेचविखन तथा ओसार पसार, कुषोषण, गर्भपतन, आत्महत्या, अपहरण, बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजाय लगायतका घटनाहरु रहेका छन् ।

बालबालिका सम्बन्धी कुनै पनि घटनाहरु सञ्चार माध्यम लगायत अन्य जानकारीमा आएको अवस्थामा केन्द्रीय बाल कल्याण समितिले तत्काल सम्बोधन गर्ने प्रयत्न गर्नुका साथै यस्ता बालबालिकाको संरक्षणका लागि सहयोग, सहजीकरण गर्दै आएको छ । यस जानकारी पत्रमा समावेश भएका घटनाहरु विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका घटनाहरु मात्रै भएकाले यी नै सम्पूर्ण भने होइनन्, तथापि यसमा गरिएको विश्लेषणले केही हदसम्म भएपनि नेपालमा बाल संरक्षण सम्बन्धी घटनाहरुको स्वरुप आँकलन गर्न सहयोग पुग्नेछ ।

## बालबालिका विरुद्ध घटेका घटनाहरु

विगतमा भन्दा यस आर्थिक वर्ष २०७४/७५ मा विभिन्न सञ्चार माध्यमबाट प्रकाशित बालबालिका सम्बन्धी घटनाहरुको संख्यामा वृद्धि हुँदै गएको देखिएको छ । यस आ.व.को


तीन वटै चौमासिकमा प्रकाशनमा आएका घटनालाई संकलन गरी तयार पारिएको यो वार्षिक पत्रमा बालअधिकार हनन्का ५८३ वटा घटनाहरुलाई यस पत्रमा विश्लेषण गरिएको छ । उक्त ५८३ वटा घटनाहरुमा १ हजार २७३ जना बालबालिका प्रभावित भएका छन् । सबैभन्दा बढी यस आ.व.को अन्तिम चौमासिकमा ३०६ वटा घटनाहरुमा ६७५ जना बालबालिका पीडित तथा प्रभावति भएका छन् ।

| चौमासिक | घटना संख्या | प्रभावित बालबालिका |
|---|---|---|
| पहिलो | ९६ | १९५ |
| दोस्रो | १८१ | ४०३ |
| तेस्रो | ३०६ | ६७५ |
| **जम्मा** | **५८३** | **१२७३** |


पहिलो चौमासिकमा ९६ वटा घटनाहरुमा १९५ जना बालबालिका, दोस्रो चौमासिकमा १८१ वटा घटनामा ४०३ बालबालिका पीडित भएका छन् । प्रभावित मध्ये १ हजार २७३ जना पीडित बालबालिका मध्ये ५१० जना (४० प्रतिशत) बालक, ७१६ जना (५६ प्रतिशत) बालिका र ४७ जना (४ प्रतिशत) शिशु रहेका छन् ।

## वार्षिक घटना विवरण

यस अवधिमा ५८३ घटनाहरुबाट प्रभावित १ हजार २७३ जना बालबालिकालाई विभिन्न एघार वटा घटना समूहमा वर्गीकरण गरिएको छ । जस अन्तर्गत बाल श्रम, बलात्कार, मृत्यू, बाल विवाह, हत्या, बेचविखन तथा ओसार पसार, कुपोषण, गर्भपतन, आत्महत्या, अपहरण र शारीरिक सजाय रहेका छन् ।



यस आ.व. २०७४/७५ मा तुलनात्मक रुपमा सबैभन्दा धेरै बाल श्रमका घटना घटेका छन् । जसमा ३८४ जना (३० प्रतिशत) बालबालिका बाल श्रममा प्रयोग गरेको देखिन्छ भने बाल यौन दुर्व्यवहार तथा बलात्कारमा २४३ जना (१९ प्रतिशत), मृत्यू २३१ (१८ प्रतिशत), बाल विवाह १६८ (१३ प्रतिशत), हत्या ७४ (६ प्रतिशत) बेचविखन तथा ओसार पसार ५८ (५ प्रतिशत) कुपोषण ३१ (२ प्रतिशत), गर्भपतन ३० (२ प्रतिशत), आत्महत्या २० (२ प्रतिशत), अपहरण १९ (२ प्रतिशत) र शारीरिक सजाय पाउने १५ जना (१ प्रतिशत) रहेका छन् ।





## वार्षिक घटना विवरणहरुको चौमासिक विभाजन

| घटनाहरुको विवरण | पहिलो चौमासिक | | | | दोस्रो चौमासिक | | | | तेस्रो चौमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | शिशु | जम्मा | बालक | बालिका | शिशु | जम्मा | बालक | बालिका | शिशु | जम्मा |
| बाल श्रम | ५ | ८ | ० | १३ | ७९ | ६१ | ० | १४० | १९० | ४१ | ० | २३१ |
| बलात्कार | १ | ४४ | ० | ४५ | ४ | ७४ | ० | ७८ | २ | ११८ | ० | १२० |
| मृत्यू | २० | १८ | ० | ३८ | ३८ | १५ | ७ | ६० | ४५ | ५९ | ११ | ११५ |
| बाल विवाह | १३ | १९ | ० | ३२ | ३० | १० | ० | ४० | ३० | ६६ | ० | ९६ |
| हत्या | १२ | २० | १० | ४२ | ० | ६ | १० | १६ | १२ | ११ | ९ | ३२ |
| बेचविखन तथा ओसार पसार | ० | ० | ० | ० | ९ | २६ | ० | ३५ | १५ | ८ | ० | २३ |
| कुपोषण | ९ | १ | ० | १० | ७ | २ | ० | ९ | ३ | ९ | ० | १२ |
| गर्भपतन | ० | ० | ० | ० | ० | ११ | ० | ११ | ० | १९ | ० | १९ |
| आत्महत्या | ४ | ६ | ० | १० | ० | ४ | ० | ४ | ३ | ५ | ० | ८ |
| अपहरण | २ | ३ | ० | ५ | ३ | १ | ० | ४ | ६ | ४ | ० | १० |
| शारीरिक सजाय | ० | ० | ० | ० | २ | ४ | ० | ६ | ७ | २ | ० | ९ |
| **जम्मा** | **६६** | **११९** | **१०** | **१९५** | **१७२** | **२१४** | **१७** | **४०३** | **३१३** | **३४२** | **२०** | **६७५** |


## (क) बाल श्रम

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनै पनि श्रममा लगाउन नहुने व्यवस्था गरेको छ ।

बाल श्रम समाजको एक दुःखद् यथार्थता भएता पनि आ.व. २०७४/७५ मा बाल श्रम सम्बन्धी ३८४ वटा घटनाहरु प्रकाशनमा आएका छन् । यस अवधिमा सबैभन्दा बढी तेस्रो चौमासिकमा २३१, दोस्रोमा १४० जना र पहिलो चौमासिकमा १३ जना बालबालिकालाई बाल श्रममा प्रयोग गरिएको देखिएको छ ।




बालबालिकालाई श्रममा प्रयोग गरेको प्रकृतिलाई हेर्दा सार्वजनिक यातायातमा श्रमिकको रुपमा सबैभन्दा बढी १०० जना (२६ प्रतिशत) रहेको छ भने घरेलु तथा होटल श्रमिकका रुपमा ८२ जना ( २१ प्रतिशत), भारतमा काम गर्नेको संख्या ७२ जना (१९ प्रतिशत), पढाई खर्च जुटाउन विभिन्न काम गर्ने ५३ जना (१४ प्रतिशत), जसमा राजमार्गमा लालीगुराँसको फूल र काफल बेच्ने, डुंगा चलाउने, भारी बोक्ने लगायत रहेका छन्), ईट्टा उद्योगमा ५० जना (१३ प्रतिशत), पर्यटक घोडामा घुमाउने, डुंगामा चालकको रुपमा तथा विवाह लगायत शुभ कार्यमा  बाजा बजाउने २२ जना (६ प्रतिशत) र लागू औषध ओसार पसारमा ५ जना (१ प्रतिशत) बालबालिका संलग्न रहेको पाइएको छ ।





बाल श्रममा प्रयोग गरिएका बालबालिकालाई लैङ्गिक रुपमा हेर्दा बालक २७४ जना (७१ प्रतिशत) र बालिका ११० जना (२९ प्रतिशत) रहेका छन् ।

उमेर समूहका आधारमा १० वर्ष वा सो भन्दामुनिको २७ जना (७ प्रतिशत), ११ देखि १४ वर्षको १९२ जना (५० प्रतिशत) र १५ देखि १८ वर्षको १६५ जना (४३ प्रतिशत) रहेका छन् । आ.व. २०७३/७४ मा २५ वटा बाल श्रम सम्बन्धी घटना भएकोमा यस आ.व.मा ३८४ वटा बाल श्रमका घटना प्रकाशनमा आएका छन् । यस तथ्याङ्कबाट बाल श्रमको संख्यामा निकै वृद्धि भएको देखिन्छ ।

## (ख) बाल यौन दुर्व्यवहार र बलात्कार

यस आर्थिक वर्षमा विभिन्न सञ्चार माध्यममा २४३ जना बालबालिका बाल यौन दुर्व्यवहार र बलात्कारमा परेका घटनाहरु प्रकाशनमा आएका छन् । आर्थिक वर्षको तीनवटा चौमासिकलाई तुलना गर्दा सबैभन्दा बढी अन्तिम चौमासिकमा १२० जना (४९ प्रतिशत) बालबालिका **बाल यौन दुर्व्यवहार तथा बलात्कार**का घटनामा परेका छन् भने दोस्रो चौमासिकमा ७८ जना (३२ प्रतिशत) र पहिलो चौमासिकमा ४५ जना (१९ प्रतिशत) बालबालिका बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटनाबाट पीडित भएका देखिन्छन् । घटनालाई तुलना गर्दा बालक माथि भएका बाल यौन दुर्व्यवहारका घटना भन्दा बालिका माथि भएका बलात्कारका घटनाको संख्या बढी रहेको पाइएको छ । जसमा २३६ जना (९७ प्रतिशत) बालिका माथि बलात्कार भएको देखिन्छ भने ७ जना (३ प्रतिशत) बालकलाई यौन दुर्व्यवहार भएको छ । बालिका बलात्कार भएका घटनाहरु पहिलो चौमासिकमा ४४ जना, दोस्रोमा ७४ र तेस्रोमा ११८ जना गरी जम्मा २३६ जना रहेका छन् । बलात्कारका घटनाहरुमध्ये सामूहिक बलात्कारबाट २४ जना (१० प्रतिशत) बालिका पीडित भएका छन् । जसमा पहिलो चौमासिकमा ४ जना, दोस्रोमा ६ र तेस्रो चौमासिकमा १४ जना रहेका छन् । उमेर समूहको आधारमा सबैभन्दा सानो ८ महिनाकी बालिका आफ्नै बुबाबाट बलात्कृत भएको पाइएको छ भने सबैभन्दा बढी संख्यामा ११ देखि १८ वर्ष उमेरका १७७ जना (७५ प्रतिशत), ६ देखि १० वर्ष उमेरका ४८ जना (२० प्रतिशत) तथा ५ वर्षभन्दा मुनिका ११ जना (५ प्रतिशत) बालिका बलात्कृत भएका छन् । यस्ता घटनाहरु ४६ जिल्लामा घटेको देखिएको छ ।




### पीडितहरुको जिल्लागत विवरण

| जिल्ला/प्रदेशगत रुपमा बाल यौन दुर्व्यवहार र बलात्कारबाट पीडित बालबालिका संख्या | | | | |
|---|---|---|---|---|
| जिल्ला | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| प्रदेश नं. १ | | | | |
| सोलुखुम्बु | ० | ० | १ | १ |
| ओखलढुंगा | ० | १ | १ | २ |

| | | | | |
|---|---|---|---|---|
| खोटाङ | १ | १ | २ | ४ |
| भोजपुर | ४ | १ | ३ | ८ |
| तेह्रथुम | ० | १ | २ | ३ |
| पाँचथर | १ | २ | १ | ४ |
| इलाम | ० | ० | २ | २ |
| झापा | १ | ३ | १ | ५ |
| मोरङ | १ | ० | ३ | ४ |
| सुनसरी | १ | ३ | १ | ५ |
| उदयपुर | १ | ५ | ० | ६ |
| **जम्मा** | **१०** | **१७** | **१७** | **४४** |
| **प्रदेश नं. २** | | | | |
| सप्तरी | ० | ३ | ३ | ६ |
| सिरहा | १ | २ | ४ | ७ |
| धनुषा | २ | १ | ६ | ९ |
| महोत्तरी | ४ | ५ | २ | ११ |
| सर्लाही | ० | १ | ३ | ४ |
| रौतहट | ० | १ | ४ | ५ |
| पर्सा | ४ | १ | २ | ७ |
| **जम्मा** | **११** | **१४** | **२४** | **४९** |
| **प्रदेश नं. ३** | | | | |
| दोलखा | २ | ० | २ | ४ |
| धादिङ | ० | १ | ० | १ |
| काठमाडौँ | ४ | ८ | ११ | २३ |
| भक्तपुर | १ | ४ | १ | ६ |
| ललितपुर | १ | ४ | ३ | ८ |
| सिन्धुपाल्चोक | ० | १ | ० | १ |
| काभ्रेपलाञ्चोक | २ | ४ | १ | ७ |
| नुवाकोट | १ | १ | ० | २ |
| रामेछाप | १ | ० | १ | २ |
| सिन्धुली | ० | ० | १ | १ |
| मकवानपुर | ० | २ | ३ | ५ |
| चितवन | २ | ० | २ | ४ |
| **जम्मा** | **१४** | **२५** | **२५** | **६४** |
| **गण्डकी प्रदेश** | | | | |
| गोरखा | २ | ० | २ | ४ |
| मुस्ताङ | ० | ० | १ | १ |
| म्याग्दी | ० | ० | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| लमजुङ | १ | ० | ९ | १० |
| कास्की | १ | ० | ० | १ |
| तनहुँ | ० | ० | १ | १ |
| नवलपरासी (बर्दघाट सुस्ता पुर्व) | ० | ० | ५ | ५ |
| स्याङजा | ० | ० | २ | २ |
| पर्वत | ० | ० | २ | २ |
| **जम्मा** | **४** | **०** | **२३** | **२७** |
| **प्रदेश नं. ५** | | | | |
| रुकुम (पूर्व भाग) | ० | ० | १ | १ |
| गुल्मी | १ | २ | १ | ४ |
| अर्घाखाँची | ० | १ | ० | १ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ० | ० | ३ | ३ |
| रुपन्देही | ० | ३ | २ | ५ |
| रोल्पा | ० | १ | ० | १ |
| दाङ | ० | १ | २ | ३ |
| बाँके | १ | ३ | ६ | १० |
| बर्दिया | ० | ० | ६ | ६ |
| **जम्मा** | **२** | **११** | **२१** | **३४** |
| **कर्णाली प्रदेश** | | | | |
| डोल्पा | ० | ० | १ | १ |
| सल्यान | ० | ० | २ | २ |
| हुम्ला | ० | १ | ० | १ |
| सुर्खेत | ० | ० | ३ | ३ |
| मुगु | १ | ० | ० | १ |
| जाजरकोट | १ | ० | ० | १ |
| दैलेख | १ | ० | ० | १ |
| **जम्मा** | **३** | **१** | **६** | **१०** |
| **प्रदेश नं. ७** | | | | |
| बभाङ | ० | ० | १ | १ |
| बाजुरा | ० | २ | ० | २ |
| अछाम | ० | ० | २ | २ |
| कैलाली | १ | ० | ० | १ |
| बैतडी | ० | ५ | ० | ५ |
| कञ्चनपुर | ० | ३ | १ | ४ |
| **जम्मा** | **१** | **१०** | **४** | **१५** |
| **कूल जम्मा** | **४५** | **७८** | **१२०** | **२४३** |


उल्लिखित घटनाहरुलाई विश्लेषण गर्दा सबैभन्दा बढी चिनजानको व्यक्तिबाट ९३ जना बालिका बलात्कार भएका छन् भने छिमेकीबाट ६७ जना, आफ्नै बुबा तथा हाडनाताबाट ३० जना, शिक्षक तथा प्रधानाध्यापकबाट १६ जना, सेना/प्रहरी तथा कर्मचारीबाट १५ जना र घरेलु बाल श्रममा रहेका १५ जना बालिका घर मालिकबाट बलात्कृत भएका छन् ।

| बलात्कारमा संलग्न व्यक्ति | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
|---|---|---|---|---|
| आफ्नै बुबा तथा हाडनाता पर्नेबाट | ५ | ११ | १४ | ३० |
| शिक्षक तथा प्रधानाध्यापकबाट | ४ | ३ | ९ | १६ |
| प्रहरी, सेना, कर्मचारीबाट | १ | ३ | ११ | १५ |
| छिमेकीबाट | १५ | २० | ३२ | ६७ |
| घरेलु बाल श्रम मालिकबाट | २ | ५ | ८ | १५ |
| चिनजानका व्यक्तिबाट | १७ | ३२ | ४४ | ९३ |
| **जम्मा** | ४४ | ७४ | ११८ | २३६ |

२३६ जना बालिका बलात्कृत भएका घटनाहरुमा पीडकका रुपमा २१२ जना व्यक्तिहरु रहेको देखिएको छ । उक्त मध्ये १८ वर्ष मुनिका ४३ जना (२० प्रतिशत) बालकनै बलात्कारमा संलग्न भएको देखिन्छ ।


## (ग) मृत्यू

यस आ.व.मा विभिन्न कारणले गर्दा २३१ जना बालबालिकाको मृत्यू भएको घटना प्रकाशनमा आएका छन् । चौमासिक अवधिको आधारमा हेर्दा सबैभन्दा बढी तेस्रो चौमासिकमा ११५ जना बालबालिकाको मृत्यू भएको देखिन्छ भने दोस्रो चौमासिकमा ७८ र पहिलो चौमासिकमा ३८ जना बालबालिकाको मृत्यू भएको छ ।




उक्त मृत्यूका घटनालाई विश्लेषण गर्दा खाल्डोमा परेर सबैभन्दा बढी ६० जना (२६ प्रतिशत) बालबालिकाले ज्यान गुमाएका छन् भने नदी, पोखरीमा डुबेर वा बगेर ४३ जना (१९ प्रतिशत), बाढी पहिरोमा परी ३६ जना (१५ प्रतिशत), सडक दुर्घटनामा परेर २८ जना (१२ प्रतिशत), सर्पको टोकाइबाट २० जना (९ प्रतिशत), करेन्ट लागेर ११ जना ( ५ प्रतिशत) बालबालिकाको मृत्यू भएको छ । त्यसैगरी अन्य विविध कारणले १४ प्रतिशत (३३ जना) बालबालिकाले अकालमा ज्यान गुमाउनु परेको घटना समाचारमा प्रकाशित भएका छन् । यस अवधिमा मृत्यू भएका बालबालिकाको संख्यालाई लैङ्गिक


रुपमा हेर्दा बालिका ९८ जना (४३ प्रतिशत) र बालक १०५ जना (४५ प्रतिशत) र शिशु २८ जना (१२ प्रतिशत) रहेका छन् । त्यसैगरी उमेरगत समूहका आधारमा विश्लेषण गर्दा शिशुदेखि ५ वर्ष उमेरका ३७ जना (१६ प्रतिशत), ६ देखि १० वर्ष उमेरका ६३ जना (२७ प्रतिशत) र ११ देखि १८ वर्षका १३१ जना (५७ प्रतिशत) रहेका छन् ।




## (घ) बाल विवाह

सूचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै स्वयम् बालबालिकाले विवाह गर्ने प्रवृत्ति विभिन्न घटनाक्रमले देखाएको छ ।

नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागू गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याएको छ । बाल विवाह विरुद्धका विभिन्न प्रयासहरु हुँदाहुँदै पनि बाल विवाहका घटनाहरुमा कमि भएको देखिँदैन । यस अवधिमा विभिन्न ३४ जिल्लाहरुमा १३६ वटा बाल विवाहका घटनामा १६८ जना बालबालिकाले विवाह गरेको देखिन्छ । बाल विवाहका घटनालाई हेर्दा पहिलो चौमासिकमा २४ घटनामा ३२ बाल विवाह, दोस्रो चौमासिकमा ३० घटनामा ४० वटा र तेस्रो चौमासिकमा ८२ वटा घटनामा ९६ बाल विवाह भएको देखिन्छ ।




बाल विवाहका घटनाहरुको वर्गीकरण गर्दा बालक र बालिका दुबै ६४ जना (३२ विवाह) ले उमेर नपुग्दै विवाह गरेको छन् भने ४३ बालिकाको विवाह अनमेल/वृद्ध सँग भएको देखिन्छ । साथै ६१ जना बालिकाको वयस्क पुरुषसँग विवाह भएको पाइएको छ । बाल विवाह भएका १६८ जनामध्ये अभिभावकद्वारा ८२ जना (४९ प्रतिशत) र आफू खुशी वा भागी विवाह ६१ जना (३६ प्रतिशत) भएको छ भने सामाजिक सञ्जाल र फेसबुक मार्फत उमेर नपुग्दै २५ जना (१५ प्रतिशत) को बाल विवाह भएका घटनाहरु प्रकाशनमा आएका छन् । यसैगरी बाल विवाहलाई लैङ्गिक रुपमा विश्लेषण गर्दा बालक ३२ जना (१९ प्रतिशत) र बालिका १३६ जना (८१ प्रतिशत) रहेका छन् । जिल्लागत रुपमा हेर्दा पर्सा

जिल्लामा सबैभन्दा बढी १५ जना बालबालिकाको बाल विवाह भएको घटना प्रकाशनमा आएको छ । जिल्लागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-


| क्र.सं. | जिल्ला | बाल विवाह भएका बालबालिकाको संख्या | क्र.सं. | जिल्ला | बाल विवाह भएका बालबालिकाको संख्या |
|---|---|---|---|---|---|
| १ | पर्सा | १५ | १८ | रोल्पा | ४ |
| २ | रुकुम पूर्व | १२ | १९ | कपिलवस्तु | ४ |
| ३ | बैतडी | १२ | २० | अछाम | ४ |
| ४ | पाल्पा | १० | २१ | धनुषा | ३ |
| ५ | मकवानपुर | १० | २२ | सिराहा | ३ |
| ६ | हुम्ला | ९ | २३ | रौतहट | ३ |
| ७ | बझाङ | ८ | २४ | कैलाली | २ |
| ८ | जाजरकोट | ७ | २५ | जुम्ला | २ |
| ९ | रुपन्देही | ७ | २६ | सिन्धुली | २ |
| १० | चितवन | ७ | २७ | स्याङ्जा | २ |
| ११ | गोरखा | ६ | २८ | महोत्तरी | १ |
| १२ | प्यूठान | ६ | २९ | सुनसरी | १ |
| १३ | सप्तरी | ५ | ३० | म्याग्दी | १ |
| १४ | रुकुम पश्चिम | ५ | ३१ | झापा | १ |
| १५ | कालिकोट | ५ | ३२ | डोटी | १ |
| १६ | खोटाङ | ४ | ३३ | सोलुखुम्बु | १ |
| १७ | ओखलढुंगा | ४ | ३४ | दैलेख | १ |
| **जम्मा** | | | | | **१६८** |

आ.व. २०७३/७४ मा ६६ बाल विवाह भएकोमा यस अवधिमा १३६ बाल विवाह भएका घटना प्रकाशनमा आएका छन् । यसबाट बाल विवाहको घटनामा वृद्धि हुँदै गइरहेको पाइन्छ ।

### (ङ) हत्या

पछिल्लो समयमा बालबालिकालाई विभिन्न बहाना बनाई समाजमा हत्या गर्ने प्रचलन बढदै गएको पाइएको छ । बालबालिकालाई विभिन्न कारणले हत्या गरेका घटना

सार्वजनिक भएका छन् । यस अवधिमा बालबालिका हत्याका ७४ वटा घटना सार्वजनिक भएका छन् । सबैभन्दा बढी पहिलो चौमासिकमा ४२ वटा घटना भएका छन् भने तेस्रो चौमासिकमा ३२ जना बालबालिकाको हत्या भएको छ । हत्या भएका बालबालिका मध्ये अवैध सम्बन्धका कारण २५ जना (३४ प्रतिशत) को हत्या भएको छ । साथै सौतेनी आमा वा बाबुले गरेको हत्या २१ जना (२८ प्रतिशत), घरायसी कलहका कारण १५ जना (२० प्रतिशत) र अपहरण पछि १३ जना (१८ प्रतिशत) बालबालिकाको हत्या गरेको देखिन्छ ।





हत्या भएका बालबालिकालाई लैङ्गिक रुपमा हेर्दा बालक २२ जना, बालिका ३३ जना र शिशु १९ जना गरी ७४ जना बालबालिकाको हत्या भएको देखिन्छ । उमेरगत समूहलाई हेर्दा शिशु देखि ५ वर्ष ३२ जना, ६ देखि १० वर्ष २५ जना र ११ देखि १८ वर्ष १७ जना बालबालिकाको हत्या भएको देखिन्छ ।

## (च) बालबालिकाको बेचविखन तथा ओसार पसार

बालबालिकालाई विभिन्न प्रलोभनमा पारी बेचबिखन तथा ओसार पसार गर्ने घटना समाजमा रही रहेका छन् ।

यस अवधिमा विभिन्न सञ्चार माध्यममा प्रकाशित घटनाहरुलाई विश्लेषण गर्दा ५८ जना बालबालिका बेचबिखन तथा ओसार पसारमा परेका छन् ।




यस अवधिमा सबैभन्दा बढी दोस्रो चौमासिकमा ३५ जना बालबालिका बेचबिखन तथा ओसार पसारमा परेका छन् भने तेस्रो चौमासिकमा २३ जना रहेका छन् । जसमा २४ जना बालक र ३४ जना बालिका छन् । यस्ता घटनाहरुबाट प्रभावित बालबालिका मध्ये ८७ प्रतिशत अर्थात ५३ जना बालबालिका चिनजानको व्यक्तिबाट बाल श्रम तथा अन्य कामका लागि छिमेकी मुलुकमा भारततर्फ बेचविखन तथा ओसार पसार गरी लैजाँदै गर्दा प्रहरीले पक्राउ गरेको घटना प्रकाशनमा आएको छ भने ३ जना बालिकालाई भारतमा सभा सम्मेलन तथा विवाहमा नर्तकीको


रुपमा प्रयोग गर्न लगेको देखिन्छ र २ जना बालकलाई भारत तर्फ लागू औषध ओसार पसार गर्न गएको देखिन्छ ।

देशका विभिन्न १२ ओटा जिल्लाबाट बालबालिकालाई बेचविखन तथा ओसार पसारमा परेको समाचार प्रकाशनमा आएको छ । जिल्लागत रुपमा बालबालिकाको संख्यालाई तालिकामा प्रस्तुत गरिएको छः-

| क्र.सं. | जिल्ला | बेचविखन तथा ओसार पसार भएका बालबालिकाको संख्या | | |
|---|---|---|---|---|
| | | **बालक** | **बालिका** | **जम्मा** |
| १ | बाँके | ६ | ७ | १३ |
| २ | सर्लाही | ५ | ४ | ९ |
| ३ | कञ्चनपुर | ५ | २ | ७ |
| ४ | मोरङ | १ | ५ | ६ |
| ५ | सप्तरी | १ | ४ | ५ |
| ६ | सिराहा | २ | २ | ४ |
| ७ | सुनसरी | १ | २ | ३ |
| ८ | नवलपरासी | १ | २ | ३ |
| ९ | दोलखा | ० | २ | २ |
| १० | कैलाली | ० | २ | २ |
| ११ | मकवानपुर | १ | १ | २ |
| १२ | रुपन्देही | १ | ० | १ |
| १४ | बाजुरा | ० | १ | १ |
| | **जम्मा** | २४ | ३४ | ५८ |

## (छ) कुपोषण

विभिन्न जिल्लामा कुपोषित बालबालिकाको संख्या र बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा उनीहरु कुनै न कुनै किसिमको कुपोषणको शिकार भएको पाइएको छ । यस अवधिमा कुपोषण सम्बन्धी ३१ वटा घटनाहरु प्रकाशनमा आएका छन् । कुपोषणका घटनालाई हेर्दा पहिलो चौमासिकमा १०, दोस्रो चौमासिकमा ९ र तेस्रो चौमासिकमा १२ वटा घटना कुपोषण देखिएको छ ।





कुपोषणबाट प्रभावित बालबालिका अन्तर्गत १९ जना बालक र १२ जना बालिका रहेका छन् । कुपोषणबाट प्रभावित हुनेहरुमा १६ जना

पोषणयुक्त खानाको अपर्याप्तताको कारण, ८ जना कम तौल अनुसारको कुपोषणका कारण र ७ जना खाद्य समस्याका कारण कुपोषण भएको देखिन्छ । केही उदाहरणहरु हेर्ने हो भने चालु आ.व.को चैत मसान्त सम्म जिल्ला स्वास्थ्य कार्यालय दोलखाका अनुसार जिल्लामा ४४३ बालबालिकामा कुपोषण भेटिएको छ । यस अवधिमा २२ जना बालबालिका (१४ बालिका र ८ बालक ) मा कडा खालको कुपोषण र ४२१ जनामा मध्यम खालको कुपोषण देखिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय धनुषाका अनुसार जाँच गरेका ४३ हजार बालबालिका मध्ये ६ हजार ४५० (१५ प्रतिशत) मा कुपोषण देखिएको छ । जसमध्ये ३ प्रतिशतमा कडा खालको र १२ प्रतिशतमा मध्यम खालको कुपोषण रहेको छ । जिल्ला जनस्वास्थ्य कार्यालय नवलपरासीका अनुसार पूर्व र पश्चिम नवलपरासीका ४२४ बालबालिकामा कडा खालको कुपोषण देखिएको छ । दुबै जिल्लाका ३२ हजार बालबालिकामा गरिएको परीक्षणका क्रममा यो नतिजा देखिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय महोत्तरीका अनुसार ५ वर्षमुनीका ७ हजार बढी बालबालिका कुपोषणको शिकार भएका छन् । यसैगरी २ हजार २०० बालबालिकामा कडा कुपोषण र ५ हजार २ बालबालिकामा मध्यम खाले कुपोषण भएको देखिएको छ ।

### (ज) गर्भपतन

कानूनले लिङ्ग पहिचानको आधारमा गर्भपतन गराउने उद्देश्यले भ्रूणको लिङ्ग पहिचान गराएमा गर्ने, गराउने दुबैलाई ६ महिनादेखि २ वर्षसम्म कैदको व्यवस्था गरेको छ । यसैगरी लिङ्गको आधारमा गर्भपतन गर्ने, गराउने दुवैलाई एक वर्ष कैद तोकेको छ र पनि काठमाडौं लगायत विभिन्न जिल्लामा गर्भपतन गराउनेको संख्या वृद्धि हुँदै गएको पाइन्छ । अवैध सम्बन्ध, गलत सामाजिक मूल्य मान्यता, छोराको चाहना अनि प्रविधिको गलत प्रयोगका कारण गर्भपतन गर्नेको क्रम बढेको देखिन्छ । यस अवधिमा जिल्लागत रुपमा गर्भपतनका धेरै घटनाहरु आएका भए तापनि ती सबै घटनाहरुमा गर्भपतन गराउनेको उमेर, कारण स्पष्टरुपमा नखुलेको हुँदा यस पत्रमा समावेश गर्न नसकिएता पनि प्रतिनिधि मूलक घटनाका रुपमा यस अवधिमा गर्भपतनका ३० वटा घटनाहरु प्रकाशनमा आएका छन् । जसमा १५ वर्षमुनिको ७ जना र १६ देखि १८ वर्षसम्मको २३ जना बालिकाले गर्भपतन गराएका छन् । गर्भपतन




गराउनेमा कलेज पढ्ने बालिका, अविवाहित समेतले गर्भपतन गराएको पाइएको छ । यसका साथै छोरा पाउने रहरले २४ जनाले गर्भपतन गराएका छन् ।

### (झ) आत्महत्या

यस अवधिमा २० जना बालबालिकाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेहरुमा १३ जना बालिका र ७ जना बालक रहेका छन् । उमेरगत रुपमा १५ देखि १७ वर्ष उमेरका बालबालिका रहेका छन् । सबैभन्दा बढी पहिलो चौमासिकमा १० जना बालबालिकाले आत्महत्या गरेका छन् भने तेस्रो चौमासिकमा ८ जना र दोस्रो चौमासिकमा २ जना बालबालिकाले आत्महत्या गरेका छन् । उक्त बालबालिका मध्ये १५ जनाले घरायसी झगडाको कारण आत्महत्या गरेको पाइएको छ भने २ जना बालिकाले विषादी सेवन गरेर र प्रेम सम्बन्धका कारण २ जनाले आत्महत्या गरेका छन् । साथै १ जना १७ वर्षे बालकले उपचार गर्ने पैसाको अभावले असंयमित भई अस्पतालको छतबाट हाम फालेर आत्महत्या गरेको छ ।

### (ञ) अपहरण

यस अवधिमा १९ जना बालबालिकाको अपहरण गरिएको घटनाहरु प्रकाशनमा आएका छन् । अपहरण गरिएका १९ बालबालिका मध्ये १३ जना बालबालिकाको अपहरणपछि हत्या गरिएको छ, अन्य ४ जनाको अपहरण पश्चात सकुशल मुक्त गरिएको छ भने २ जनाको अवस्था जानकारीमा आएको छैन । अपहरण गर्नुका कारणहरुमा १० जना फिरौती, ५ जना पारिवारिक रिसिबी र ४ जना बालिकाले कानमा लगाएको सुनको मुन्द्रा लिनको लागि अपहरण गरिएको पाइएको छ । अपहरण परेका मध्ये ८ जना बालिका र ११ जना बालक रहेका छन् । उमेर समूहका आधारमा विश्लेषण गर्दा सबैभन्दा सानो १ वर्षको समेत गरी ४ जना बालक १० वर्षमुनिका थिए भने ११ वर्षदेखि १४ वर्षका ९ जना र सोभन्दा माथि ६ जना रहेका छन् ।



## (ट) शारीरिक सजाय

विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरुमा बालबालिकालाई विभिन्न खाले शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ । यस अवधिमा विभिन्न सञ्चार माध्यममा १५ वटा शारीरिक सजायका घटनाहरु सार्वजनिक भएका छन् । चौमासिकका आधारमा दोस्रो चौमासिकमा ६ र तेस्रो चौमासिकमा ९ वटा घटना भएको देखिन्छ । तलको तालिकामा विद्यालयमा को, कसबाट शारीरिक सजाय दिने गरिन्छ भन्ने विवरण प्रस्तुत गरिएको छः-

| **कोबाट** | | **लैङ्गिक रुपमा** | | **पिटाइको अवस्था** | | **विद्यालयका आधारमा** | |
|---|---|---|---|---|---|---|---|
| **संख्या** | | **संख्या** | | **संख्या** | | **संख्या** | |
| प्रधानाध्यापकबाट | ३ | बालक | ९ | सामान्य | ३ | सामुदायिक | ४ |
| शिक्षक पुरुष | १० | बालिका | ६ | गम्भीर चोट | १२ | संस्थागत | ११ |
| शिक्षक महिला | २ | | | | | | |

उल्लिखित सजायका घटनाहरुबाट बालक बढी मात्रामा पीडित भएको पाइन्छ । जस अन्तर्गत बालक ९ जना र ६ जना बालिकाले सजाय पाएको देखिन्छ । शारीरिक सजाय दिनेहरुमा विद्यालय प्रधानाध्यापक (पुरुष) दुई जना, पुरुष शिक्षक १० जना र महिला शिक्षक एक जना छन् । शारीरिक सजाय दिनुपर्ने कारणहरुमा हातमा ब्रास्लेट लगाएर आएको, साथीसँग झगडा गरेको, गृहकार्य नगरेको, पढाउँदा कानेखुशी गरेको आदि घटनाको निहुँमा भएको देखिन्छ । पिटाई खाने बालबालिका मध्ये १२ जना बालबालिकाले गम्भीर खाले चोट पाएका छन् । साथै शारीरिक सजाय पाउने ११ जना बालबालिका संस्थागत विद्यालयका छन् भने ४ जना सामुदायिक विद्यालयका रहेका छन् । सामुदायिक विद्यालयहरु भन्दा संस्थागत विद्यालयमा शारीरिक सजाय दिने प्रचलन बढी रहको देखिन्छ ।